"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

# मुक्तिनाथ विकास बैंक लि.

# MUKTINATH BIKAS BANK LTD.

**केन्द्रीय कार्यालय** : का.म.न.पा.-२८ काठमाण्डौ प्लाजा, कमलादी काठमाण्डौ,
फोन नं: ०१-४१६८६८३ (हन्टिङ्ग लाईन), फ्याक्स नं: ०१-४१६८६८४,
टोल फ्रि नं. १६६००१४९९९९, E-mail:info@muktinathbank.com.np, www.muktinathbank.com.np

## हकप्रद साधारण शेयर लिलाम बिक्रिको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने मिति २०७६/०८/०८**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति २०७६/०८/१५**

यस मुक्तिनाथ बिकास बैंक लिमिटेडको हकप्रद शेयरहरु मिति २०७६/०५/१२ गतेका देखि मिति २०७६/०६/१५ गते सम्म बिक्रि खुल्ला गरि आबेदन माग गरिएकोमा देहाय बमोजिमको शेयरहरुका लागि आवेदन नपरेकाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तिय सस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिका २०७६ को निर्देशन तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ को अधिनमा रहि उक्त शेयरहरु बोलकबोल बढाबढ गरि बिक्री गर्न यस मुक्तिनाथ बिकास बैंक लिमिटेडको संचालक समितिको निर्णयाअनुसार उक्त शेयरहरु खरिद गर्न ईच्छुक व्यक्ति, कम्पनी, संस्थाहरुले यो सूचनामा उल्लेखित अबधी भित्र देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरि प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिमा रहि गोप्य सिलबन्दी बोलपत्र आबेदन पेश गर्न आव्हान गरिन्छ।

| बोलपत्र आबेदन फारम पाइने र बुझाउने स्थान (संकलन केन्द्रहरु) |
|---|
| १ मुक्तिनाथ क्यापिटल लिमिटेड, ट्रेड टावर थापाथली काठमाडौं |
| २ उपत्यका बाहिर मुक्तिनाथ बिकास बैंक लिमिटेडका शाखा कार्यालयहरु पृथ्वी चोक पोखरा, नेपालगंज, धनगडी, सुर्खेत, विराटनगर, जनकपुर |

**बोलपत्रद्धारा बिक्रि गरिने शेयरको बिवरण**

| | |
|---|---|
| संस्थापक समुहः | १,०२,५१६.३२ |
| सर्वसाधारण समुहः | ३,००,७०३.९३ |
| जम्मा कित्ताः | ४,०३,२२०.२५ |

## शर्तहरू

१. बोलपत्र आवेदन फारम रु १०० भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रबाट प्राप्त गर्न सकिनेछ।

२. बोलपत्र आबेदन फारममा आफुले लिन चाहेको शेयर कित्ताको दर रेट अंक अक्षरमा स्पष्टसंग लेख्नुपर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउमा दस्तखत गनुपर्ने छ।

३. शेयरको न्युनतम मुल्य रु १०० तोकिएको हुदा सो वा सो भन्दा बढी मुल्य अंकित गरि बोलकबोल गनुपर्नेछ।

४. शेयर खरिदका लागि बोलकबोल पेश गर्दा न्युनतम १०० कित्ताको लागि आबेदन दिनुपर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन। तर शेयर खरिद गर्न आबेदन गरेको कुल शेयर कित्ता जोडदा नेपाल राष्ट्र बैंकले एउटा ब्यक्ति वा संस्थाले खरिद गर्न वा राख्न पाउने भनि तेकेको अधिकतम सख्या सिमाभन्दा बढि नहुने गरि आबेदन पेश गनुपर्ने छ। साथै दशमलव (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाईने छैन।

५. शिलबन्दि खाम बाहिर मुक्तिनाथ बिकास बैंक लि. को सस्थापक वा सर्बसाधारण शेयरको आबेदन उल्लेख भएको हुनुपर्नेछ। शिलबन्दी बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ।

६. **संस्थापक समुहको हकमा विद्यमान संस्थापकहरुले मात्र आवेदन गर्न पाइनेछ ।**

७. संस्थापक शेयर आवेदकको हकमा आम्दानीको श्रोत खुल्ने कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

८. बोलपत्रवालाले आफुले खरिद गर्न चाहेको शेयरको जम्मा मुल्यको सम्पुर्ण रकम मुक्तिनाथ क्यापिटल लि. को नाममा **मुक्तिनाथ बिकास बैंक लिमिटेड, कमलादी काठमाडौमा रहेको खाता नं.** ०३५१०२००४०६५३२००००१ मा नगद जम्मा गरि सोको सक्कल भौचर संलग्न गरि वा मुक्तिनाथ क्यापिटल लि.को नाममा जारी गरिएको Good for Payment Cheque संलग्न गरि सिलबन्दी बोलपत्र पेश गनुपर्नेछ । यदि चेक भुक्तानी नभएमा दरखास्त फारम स्वत रद्द हुनेछ।

९. सबैभन्दा बढि बोलकबोल गर्ने आबेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाकी रहेमा त्यस पछिको बढि कबुल गर्नेलाई बिक्रि गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जादा अन्तीम मुल्यमा दुई वा दुइ भन्दा बढि आबेदकहरु पर्न गएमा बोलकबोलबाट बाकि भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षीक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ। शेयर बाँडफाँड गर्दा सबैभन्दा बढि बोलकबोल गर्ने क्रमहरु मध्येको कम बोलकबोल गरी बाडफाटमा पर्ने आबेदकलाई खण्डित रुपमा बाकि रहेको शेयर समेत बाँडफाँड गरी समायोजन गरिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमा निहीत रहने छ।

१०. बोलपत्र वालाले आफनो हितग्राही खाता नं. (Demat Account Number) आबेदन फारममा उल्लेख गर्नू पर्नेछ। साथै रु. दश लाख भन्दा बढी रकमको लागि आबेदन गर्दा पान नं. उल्लेख गर्नू पर्ने छ।

११. म्याद नाघि आएको वा रित नपुगेको आबेदन उपर कुनै कारवाहि गरिने छैन। साथै विभिन्न मुल्यमा एक भन्दा बढी बोलपत्र पेश गर्न पाईने छैन। बोलपत्र वालाले कुनै सर्त राखी पेश गरेको वोलपत्रलाई मान्यता दिइने छैन।

१२. बोलपत्र दाता नेपाली नागरीक वा नेपाल दर्ता भएको संस्था, कम्पनी हुनू पर्नेछ। आबेदक संगठित संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बनधा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा पेश गर्नु पर्नेछ।

१३. बोलपत्रहरु सम्पुर्ण संकलन केन्द्रहरुबाट बिक्रि प्रवन्धकको कार्यालयमा संकलन भए पश्चात बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरि राष्ट्रिय स्तरको पत्रिकामा सुचना प्रकाशन गरि जानकारी गराए पश्चात खोलिने छ।

१४. बोलपत्र आबेदकहरु मध्ये बोलकबोलमा नपरेको आबेदकहरुको रकम धितोपत्र निष्काशन तथा वाडँफाडँ निर्देशिका २०७४ मा व्यवस्था भएबमोजिम फिर्ता भुक्तानी गरिने छ। साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने ब्यहोरा पनि जानकारी गराईन्छ।

१५. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतीको जानकारी बिक्री प्रवन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड, ट्रेडटावर, थापाथली, काठमाडौको सूचना पाटी तथा वेयबसाईट www.muktinathcapital.com मा हेर्न सक्नू हुनेछ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

**मुक्तिनाथ क्यापिटल लि.**
**MUKTINATH CAPITAL LTD.**

ट्रेड टावर, चौथो तल्ला थापाथली, काठमाडौं
फोन: ५१११११७२/५१११११७४/५१११११५९
ईमेल: info@muktinathcapital.com,
**Web:** www.muktinathcapital.com